# संविधानका मुद्दामा टाढिदै सत्तारुढ र विपक्षी दल

भुवन केसी/तिलक पाठक

*प्रकाशित मितिः* **साउन २०,२०७१**

नवौं महाधिवेशनमार्फत सत्तारुढ दल नेकपा एमाले नयाँ नेतृत्वसहित नयाँ संरचनामा प्रवेश गऱ्यो । संविधान निर्माणलाई एमालेले पहिलो प्राथमिकतामा दिएकै बेला संविधानसभा अन्तर्गतको संवैधानिक राजनीतिक संवाद तथा सहमति समितिले संविधान निर्माणका विषयमाथिको छलफललाई अघि बढायो । संविधानका महत्वपूर्ण विषयमा सहमति कायम नहुन नसकिरहेका बेला सत्तारुढ दल र प्रतिपक्षी दलहरुबीच थप दरार हुने गरी एकीकृत नेकपा माओवादीको नेतृत्वमा मोर्चा गठन गरियो । नेकपा एमाओवादी, नेकपा माओवादी र राष्ट्रिय प्रजातन्त्र पार्टी आन्तरिक विवादमा फसिरहे । सभासदहरुले भने त्यही बेला निर्वाचन क्षेत्रलाई पाँच करोड रुपैयाँ दिनुपर्ने माग गरे ।

## एमालेमा ओली

नवौं महाधिवशेनको मिति नजिकिदै गर्दा नेकपा एमालेमा नेतृत्वका लागि होडबाजी तीव्र भयो । पहिलेदेखि नै वरिष्ठ नेता माधवकुमार नेपाल र स्थायी समिति सदस्य केपी शर्मा ओलीले अध्यक्ष पदका लागि दाबी गरेकोमा पछि अध्यक्ष झलनाथ खनालले पनि पुनः अध्यक्ष हुने चाहना व्यक्त गरे । महाधिवेशनमा प्रतिष्पर्धा गरेर भन्दा पनि सहमतिका आधारमा अध्यक्ष हुने उनको इच्छा थियो । उनले सहमति भएमा पाँच बर्षका लागि नेतृत्व लिन तयार रहेको धारणा व्यक्त गरे ।[1] ओली र नेपाल पक्ष भए पार्टीमा गुटबन्दी हुने भन्दै पार्टी एकताका लागि नेतृत्वमा सहमति हुनुपर्ने खनालको तर्क थियो । तर, खनालले भनेझै नेपाल र ओलीबीच सहमति हुने सम्भावना क्षीण भयो । त्यसपछि खनालले खुलेर अध्यक्ष पद दाबी गरेनन् भने ओली र नेपालमध्ये कुनैको पक्षमा पनि प्रष्टसँग खुलेनन् । त्यसपछि दुवै पक्षले खनाल आ-आफ्नो पक्षमा रहेको दाबी गरे । र, सोहीअनुसार प्रचार गरे । लामो सयमसम्म कतै पनि नखुलेका अध्यक्ष खनाल अन्तिम समयमा आएर बरिष्ठ नेता नेपालको विचार समूहलाई सघाउने हुने भएका छन् ।[2] यता ओलीले नेतृत्व हस्तान्तरणका लागि आफूलाई खनालले पटक पटक वचन दिएको धारणा व्यक्त गरे ।[3]

नेपाल र ओली पक्षले माथिल्लो तहका नेताहरुसँग मात्रै होइन, कार्यकर्ताहरुसँग पनि भेटघाटलाई उत्तिकै तीव्र पारे । उनीहरुले प्यानलको गृहकार्य गर्ने, आफ्नो पक्षमा बहुमत देखाउन बृहत भेलादेखि जिल्ला अध्यक्ष र जनवर्गिय संगठनहरुको पदाधिकारीको नाम र संख्या समेत सार्वजनिक गरे । नेपाल र

[1] पाँच बर्षका लागि नेतृत्व लिन खनाल इच्छुक । Retrieved August 4, 2014, from http://setopati.com/raajneeti/13544/

[2] खनालको साथ नेपाललाई । Retrieved August 4, 2014, from http://www.ebudhabar.com/%E0%A4%96%E0%A4%A8%E0%A4%BE%E0%A4%B2%E0%A4%95%E0%A5%8B-%E0%A4%B8%E0%A4%BE%E0%A4%A5-%E0%A4%A8%E0%A5%87%E0%A4%AA%E0%A4%BE%E0%A4%B2%E0%A4%B2%E0%A4%BE%E0%A4%88/#sthash.CE3M6ECf.dpuf.

[3] खनालले नेपाललाई समर्थन गरेकोमा विश्वास छैन : ओली । Retrieved August 5, 2014, from http://ratosurya.com/archives/2525#sthash.WDKWJzee.dpuf

ओली पक्षले जिल्ला जिल्लाबाट प्रतिनिधिहरुको संख्या पनि सार्वजनिक गरे । महाधिवेशन शुरु हुनु एक दिन अघि पत्रकार सम्मेलन गरी ओली पक्षले ७५ मध्ये ४९ जिल्लाका जिल्ला कमिटीका अध्यक्ष आफ्नो पक्षमा रहेको दाबी गर्‍यो ।[4] आफ्नो पक्षमा बहुमत देखाउन नेपालभन्दा ओली पक्ष धेरै अघि रह्यो । पार्टीभित्र नेताहरु ध्रुवीकरण हुँदै गएपछि केन्द्रीय कमिटीबाट मनोनयन हुनुपर्ने ५ प्रतिशत प्रतिनिधि समेत मनोयन गर्न एमालेले सकेन । खनालले पार्टीभित्र उत्पन्न विचार समूहका कारण प्रतिनिधिहरुको मनोनयन हुन नसकेको बताए ।[5]

असार १९ गते राजधानीमा एमालेको नवौं महाधिवेशन शुरु भयो । महाधिवेशनमा एमाले नेतृत्वले संविधान निर्माण मुलुकको पहिलो कार्यभार भएको र त्यसपछि आर्थिक क्रान्ति गर्ने उद्घोष गरे । भृकुटीमण्डपभित्र गरिएको महाधिवेशनमा प्रतिनिधि, अथिति, पत्रकारबाहेक धेरैलाई प्रवेश दिइएको थिएन । त्यसैले हलमा महाधिवशेन शुरु हुँदा महाधिवेशन बाहिर भने कार्यकर्ता तथा सर्वसाधारणले एमाले विरुद्ध नाराजुलुस गरे । जसकाकारण एमाले महाधिवेशनको उद्घाटनबारे कार्यकर्ताबीच राम्रो सन्देश गएन । नेताहरुले पानी पर्छ भनेर महाधिवशेन स्थल सोहीअनुसार तय गरेको तर पानी नपरेका कारण समस्या आएको तर्क दिए । एमालेको महाधिवेशनमा राजनीतिक प्रतिवेदन, सांगठनिक र विधान संशोधनसम्बन्धी प्रस्ताव पेश भए । राजनीतिक प्रतिवेदनमा संघीयता, लोकतन्त्र र गणतान्त्रिक राज्यव्यवस्थालाई आधार बनाएर संविधान निर्माण गर्ने, अग्रगामी लोकतन्त्र स्थापना संविधानको लक्ष्य हुने लगायतमा जोड दिइयो ।[6] यसपटकको महाधिवेशनमा विधान संशोधनसम्बन्धी प्रस्तावले बढी चर्चा पायो ।

विधान संशोधिन गरेर एमालेले पदाधिकारीको संख्या ८ बाट १५ पुर्‍यायो ।[7] महाधिवेशनमा अनुशासन आयोगका अध्यक्ष अमृतकुमार बोहराले नेता तथा कार्यकतामा अवसरबाद, दलाली र चाकडी प्रथा हुर्किएको प्रतिवेदन पेश गरे । उनले सत्ता प्राप्तिका लागि जे पनि गर्ने प्रवृति पार्टीमा देखिएको बताउँदै पार्टीभित्र त्याग, तपस्याको भावना तथा जनताप्रतिको सेवाभावलाई कायम राख्न आग्रह गरे ।[8] त्यसैगरी महाधिवेशनले संविधानसभाबाट एक वर्षभित्र संविधान निर्माण गर्ने प्रतिबद्धता व्यक्त गर्दै त्यसका लागि संविधानसभामा प्रतिनिधित्व गर्ने सबै दलहरुलाई आ-आफ्ना प्रतिबद्धतालाई पुनस्मरण गरी एकताबद्ध हुन आग्रह लगायतका ३३ वटा प्रस्ताव पारित गर्‍यो ।[9]

राजनीतिक प्रतिवेदन र विधान प्रस्ताव पारित भएपछि नेपाल र ओली पक्ष प्यानल नै बनाएर निर्वाचनमा होमिए । मतपत्रमा समेत नेपाल र ओली पक्ष तथा स्वतन्त्र भनेर छुट्टाइएको थियो । अध्यक्षमा ओली निर्वाचित भए ।[10] अन्य पदमा मिश्रित परिणाम आयो ।[11] परिणाम सार्वजनिक भए

[4] आफूहरुतिर ४९ जिल्ला अध्यक्ष रहेको ओली पक्षको दाबी । Retrieved August 4, 2014, from http://setopati.com/raajneeti/13585/

[5] पार्टीभित्र उत्पन्न विचार समूहका कारण ५ प्रतिशत मनोनयन भएन : खनाल । Retrieved August 3, 2014, from http://setopati.com/raajneeti/13915/

[6] नेकपा एमालेको नवौं महाधिवेशनमा प्रस्तुत राजनीतिक प्रतिवेदन ।

[7] नेकपा एमालेको पदाधिकारीमा एक जना अध्यक्ष, तीन जना उपाध्यक्ष, एक जना महासचिव, तीन जना सचिव रहेकोमा विधान संशोधन गरेर एक जना अध्यक्ष, पाँच जना उपाध्यक्ष, एक जना महासचिव, दुई जना उपमहासविच, पाँच जना सचिव र एक जना बरिष्ठ नेता रहने व्यवस्था गरियो ।

[8] अवसर हुर्कियो : एमाले अनुशासन आयोग । Retrieved August 4, 2014, from http://setopati.com/raajneeti/13774/

[9] २०७१ साल असार १९ गतेदेखि साउन १ गतेसम्म राजधानीमा जारी एमालेको नवौं महाधिवशेनबाट पारित प्रस्ताव ।

[10] निर्वाचनमा ओलीले १०५९ र नेपालले १००३ प्राप्त गरेका थिए ।

[11] पाँच जना उपाध्यक्षमा तीन जना नेपाल पक्षका र दुई जना ओली पक्षका, महासचिवमा ओली पक्षका, उपमहासचिवमा एक जना नेपाल र एक जना ओली पक्षका निर्वाचित भएका थिए । यस्तै सचिवमा तीन जना नेपाल र दुई जना नेपाल पक्षका निर्वाचित भएका थिए ।

लगत्तै नेपालले ओली लगायत सम्पूर्ण पदाधिकारीलाई बधाइ दिए ।[12] ओलीले पार्टीमा सबैलाई मिलाएर अघि बढ्ने प्रतिबद्धता व्यक्त गर्दै भनेका थिए, 'आजैका मितिदेखि पार्टीभित्र देखापरेका सबै विचार समूह, ध्रुवीकरण र प्रतिष्पर्धाको चरण समाप्त भएको र पार्टी अझ उन्नतस्तरबाट एकताबद्ध भएको छ ।'[13] सबैको निर्वाचन परिणाम आएपछि केन्द्रीय कमिटीको बैठक बस्यो जसले महाधिवेशनमा प्रतिनिधिहरुले दिएको सुझावलाई समेटेर राजनीतिक, सांगठनिक र विधानलाई अन्तिम रुप दिने गरी तयार पार्न समितिहरु गठन गर्‍यो ।

## निर्वाचन क्षेत्रलाई पाँच करोड

आर्थिक बर्ष २०७१/७२ को बजेटमार्फत प्रत्येक निर्वाचन क्षेत्र विकासका लागि पाँच करोड रुपैयाँ दिनुपर्ने मागलाई काँग्रेस र एमालेका सभासद्हरुले अघि बढाए । त्यसमा पार्टीले समेत साथ दियो । काँग्रेसको केन्द्रीय कार्य समिति र संसदीय दलको संयुक्त बैठकले पाँच करोड रुपैयाँ दिनुपर्ने प्रस्ताव पारित गर्‍यो । पाँच करोड दिनुपर्ने मागको धेरै क्षेत्रबाट विरोध भयो । सभासद्हरुलाई पाँच करोड आवश्यक नभएको भन्दै त्यसलाई रोक्न माग गर्दै सर्वोच्च अदालतमा रिट दायर भयो । राज्यको ढुकुटीबाट झिकिएको रकममा सभासद्ले मनोमानी गर्न सक्ने भएकाले राष्ट्रिय योजना आयोगको काम निष्प्रभावी हुन सक्ने आशंका रह्यो ।[14] तर, सभासद्हरु त्यस अभियानबाट पछि हटेनन् । काँग्रेस र एमालेका करिब तीन दर्जन सभासद्ले पत्रकार सम्मेलन गरी पाँच करोड रुपैयाँ दिनुपर्ने र नदिएमा बजेट नै पारित गर्न नदिने चेतावनी दिए ।

संसदमा बजेट पेश गर्दै अर्थमन्त्री रामशरण महतले 'विभिन्न निकाय अन्तर्गत प्रत्येक निर्वाचन क्षेत्रमा न्यूनतम ५ करोड रुपैयाँको भौतिक पूर्वाधार निर्माण सुनिश्चित गरिने'[15] प्रतिबद्धता व्यक्त गरे । बजेटमा आफ्नो निर्वाचन क्षेत्रमा सभासदहरुले छनौट गरेका पूर्वाधार आयोजनाहरु जनसहभागिताको आधारमा सञ्चालन गर्न निर्वाचन क्षेत्र विकास कार्यक्रम अन्तर्गत प्रत्येक निर्वाचन क्षेत्रका लागि प्रारम्भमा एक करोड रुपैयाँ उपलब्ध गराउने र निर्वाचन क्षेत्र विकासका लागि सबै सांसदहरुलाई उपलब्ध गराइँदै आएको १० लाखमा पाँच लाख रुपैयाँ थप गरेको घोषणा पनि अर्थमन्त्री महतले गरेका थिए । यस अतिरिक्त बजेटमा भौतिक पूर्वाधार विकासका लागि विभिन्न शिर्षकमा जिल्ला विकास समितिहरुमार्फत खर्च गर्नेगरी विनियोजित रकम सबै निर्वाचिन क्षेत्रमा समानुपातिक रुपमा वितरण गर्ने व्यवस्था मिलाइने, यसको कार्यक्रम छनौट जिल्ला विकास समितिको निर्वाचन नहुनञ्जेलसम्म सम्बन्धीत क्षेत्रका सांसदले गर्ने व्यवस्था मिलाइने र यसको कार्यान्वयन, अनुगमन तथा लेखा परीक्षण सम्बन्धी कार्यविधि संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले दुई महिनाभित्र तयार गर्ने उल्लेख गरिएको थियो ।[16]

सभासद्हरुको दबाबलाई थेग्न नसकेर अर्थ मन्त्री महतले विभिन्न शिर्षकमा रकम बढाएका थिए । अर्थमन्त्रीले निर्वाचन क्षेत्र विकास कार्यक्रम अन्तर्गत प्रति निर्वाचन क्षेत्र १ करोडका दरले २ अर्व ४०

[12] २०७१ साल असार १ गते एमाले नेता माधवकुमार नेपाल जारी गरेको प्रेस विज्ञप्ति ।

[13] अध्यक्षमा निर्वाचित भएपछि २०७१ साल साउन १ गते आयोजित कार्यक्रममा ओलीले व्यक्त गरेको विचार ।

[14] सभासद्लाई पाँच करोड रुपैयाँ विरुद्ध रिट । Retrieved August 1, 2014, from http://setopati.com/raajneeti/13967/

[15] २०७१ साल असार २९ गते अर्थमन्त्रीले संसदमा पेश गरेको आर्थिक बर्ष २०७१/२०७२ को बजेट बक्तव्य ।

[16] २०७१ साल असार २९ गते अर्थमन्त्रीले संसदमा पेश गरेको आर्थिक बर्ष २०७१/२०७२ को बजेट बक्तव्य ।

करोड र प्रतिसभासद् १५ लाखका दरले ९० करोड १५ लाख खर्च हुनेछ । १५ लाख अन्तर्गतको कार्यक्रमबाट मात्रै कम्तीमा वार्षिक ४ करोड ५० लाख रुपैयाँ सभासद् वा तिनका प्रतिनिधिले खर्च गर्न पाउने व्यवस्था गरे ।[17] निर्वाचन क्षेत्र विकास कार्यक्रमलाई रकम बढाएकोमा एमाओवादीले आलोचना गऱ्यो । एमाओवादीका नेता बाबुराम भट्टराईले भने, यसले दुरुपयोग पनि बढाउने देखिन्छ । यो कार्यक्रम आवश्यक छैन भनेर हामीले पहिल्यै भनिसकेका थियौं । उहाँहरुले सुन्नुभएन । त्यो दुर्भाग्यको कुरा हो ।[18] तर १५ लाख रुपैयाँमा सत्तारुढ दलका सभासद्हरुले चित्त बुझाएनन् । उनीहरुले पहिले पाउँदै आएको दश लाख रुपैयाँको ठाउँमा पाँच करोड हुनुपर्ने अड्डी लिए ।

## संविधान निर्माणको कसरत

संविधानसभाले संविधान निर्माण प्रक्रियालाई जारी राख्यो । खासगरी एमाओवादीका नेता बाबुराम भट्टराईको नेतृत्व रहेको संवैधानिक राजनीतिक संवाद तथा सहमति समिति सकृय भयो । यसले संविधानभन्दा बाहिर रहेका राजनीतिक दलहरुसँग पनि छलफल गऱ्यो । अघिल्लो संविधानसभाको संवैधानिक समिति अन्तर्गत गठन भएको उपसमितिमा भएका सहमतिलाई पनि अनुमोदन गऱ्यो । राज्यपुनर्संरचना बाहेक अरु विषयमा रहेका असहमतिका विषय पहिचान गर्नका लागि उपसमिति गठन गऱ्यो ।

मुख्य प्रतिपक्षमा रहेको एमाओवादीले पनि संविधानका आफ्नो दलको धारणा तयार पार्न उपाध्यक्ष नारायणकाजी श्रेष्ठको संयोजकत्वमा संविधान सुझाव तथा मस्यौदा समिति गठन गऱ्यो । समितिमा संविधानका बारेमा छलफल र बहस भएपनि संविधानका विवादित मुख्य विषयमा सहमति जुटाउन भने दलका शिर्ष नेताहरुबीच खासै पहल भएन जसले गर्दा छलफल र बहस भएपनि विवादित मुख्य विषय भने जस्ताको तस्तै रहे ।

## फेरि मोर्चा गठन

संविधानसभामा विवादित विषयमा दलहरुबीच सहमतिका लागि खासै प्रगति नभएका बेला काँग्रेस र एमालेका नेताहरुले सहमति नभए प्रकृयामा गएर भएपनि विवादित विषयको टुंगो लगाउने बताए । त्यसबाट झस्किएका एमाओवादी, संघीय समाजवादी दल र तराई मधेश केन्द्रीत राजनीतिक दलहरु एकजुट भई संघीय गणतान्त्रिक मोर्चा गठन गरे ।[19] मोर्चाले विभेदरहित, समानुपातिक समावेशी, समतामूलक संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान संविधानसभाबाटै निर्माण गराउने, माओवादी र सरकारबीच भएको बिस्तृत शान्ति सम्झौता, १२ बुँदे सहमतिका साथै मधेसी जनअधिकार फोरम नेपाल र सरकारबीच भएको २२ बुँदे सम्झौता, संयुक्त लोकतान्त्रिक मधेसी मोर्चा नेपाल र सरकारबीच भएको ८ बुंदे सम्झौताका साथै आदिवासी जनजाति संयुक्त संघर्ष समितिसँग भएको ९ बुँदे सम्झौता लगायत अन्य आन्दोलनकारी पक्षहरुसँग भएका सम्झौताहरुलाई कार्यान्वयन गराउने,

---

[17] आचार्य, कृष्ण । सभासद्लाई ३ अर्ब ३० करोड । Retrieved August 4, 2014, from http://www.ekantipur.com/np/2071/3/30/full-story/392300.html

[18] आचार्य, कृष्ण । सभासद्लाई ३ अर्ब ३० करोड । Retrieved August 4, 2014, from http://www.ekantipur.com/np/2071/3/30/full-story/392300.html

[19] मोर्चामा एकीकृत नेकपा माओवादी, मधेसी जनअधिकार फोरम नेपाल, मधेसी जनअधिकार फोरम लोकतान्त्रिक, तराई मधेस लोकतान्त्रिक पार्टी, सद्भावना पार्टी, संघीय समाजवादी पार्टी र तराई मधेस सद्भावना पार्टी आवद्ध थिए ।

राज्य पुनर्संरचना तथा राज्यशक्ति बाँडफाँड समिति र उच्चस्तरीय राज्य पुनर्संरचना सुझाव आयोग प्रतिवेदनको आधारमा राष्ट्रिय/जातिय तथा क्षेत्रिय पहिचान र सामर्थ्यलाई आधार मानी पहिचानसहितको संघीयता र संघीयतासहितको संविधान निर्माण गर्ने, संवैधानिक अदालतको व्यवस्था गर्ने लगायतका १६ वटा उद्देश्य लिएको थियो ।[20]

मोर्चाको गठनले राजनीतिक दलहरुबीच सहमतिभन्दा पनि ध्रुविकरणलाई बढी जोड दियो । काँग्रेस, एमाले र सत्तामा रहेको दलहरु एकातिर, एमाओवादी, संघीय समाजवादी दल र तराई मेधश केन्द्रीत दलहरु अर्को कित्तामा रहँदा संविधानका विवादित विषयमा दलहरुबीच झन बढी असहमति हुने सम्भावना बढ्यो । यसबीचमा एमाओवादी र माओवादीका नेताहरु पनि एकअर्कासँग नजिकिएका थिए ।

## एमाओवादीमा प्रयास जारी

एमाओवादीमा अध्यक्ष पुष्पकमल दाहल र बाबुराम भट्टराई पक्षबीच विवाद जारी रह्यो । अध्यक्ष दाहाल पक्षले पहिले भएको आठ बुँदे कार्यविधि उल्लंघन गरेको आरोप लगाउँदै भट्टराई पक्षको आलोचना गऱ्यो । भट्टराई पक्षले सिन्धुली, मकवानपुर, वैतडी, पर्सा लगायतका जिल्लामा समानान्तर समिति गठन गऱ्यो । एमाओवादीले पार्टीभित्र सांगठनिक र सैद्धान्तिक विवाद रहेको भन्दै त्यसबारे स्थायी समितिमा पटक पटक छलफल गऱ्यो । वैचारिक विवाद मिलाउन अध्यक्ष दाहालको नेतृत्वमा वैचारिक बहस व्यवस्थापन समिति गठन गऱ्यो भने जिल्ला जिल्लामा देखापरेको विवाद मिलाउन बर्षमान पुनको नेतृत्वमा तीन सदस्यीय समिति गठन गऱ्यो ।[21] विवाद मिलाउनका लागि एमाओवादी नेतृत्वले प्रयास गरेपनि त्यसमा सफल भएन । त्यसपछि एमाओवादीको नेतृत्वको जिम्मेवारी हेरफेर गरियो । तैपनि भट्टराई पक्ष सन्तुष्ट भएन । एमाओवादीमा विवाद मिलाउने प्रयास जारी रहेपनि त्यो सल्टिनुको सट्टा भुसको आगोसरह फैलिदै गयो ।

## राप्रपामा पनि किचलो

पार्टी अध्यक्ष को भन्नेबारे राष्ट्रिय प्रजातान्त्र पार्टीमा विवाद चलिरह्यो । केन्द्रीय समितिको बैठकले अध्यक्षमा पशुपति शम्शेर जबरालाई अध्यक्षमा चयन गरेपछि अर्का नेता लोकेन्द्र बहादुर चन्दले आफू अध्यक्ष भएको दाबी गरे । अध्यक्ष भएको दाबी गर्दै चन्दले निर्वाचन आयोगमा निवेदन पनि दिए । तर, निर्वाचन आयोगले अध्यक्षमा चन्दलाई वैधानिकता दिन अस्वीकार गऱ्यो । चन्दसँग अध्यक्षको कुनै प्रमाण नभएको आयोगको भनाइ थियो । चन्दलाई केन्द्रीय समिति र पशुपति शम्शेर जबरालाई चन्दले अस्वीकार गर्दा राप्रपाको विवाद झांङ्गियो ।

## माओवादीमा लफ्डा

नेकपा माओवादीभित्र दुई लाइन संघर्ष जारी रह्यो । केन्द्रीय कमिटीको बैठकमा अध्यक्ष मोहन बैद्य र सचिव नेत्रविक्रम चन्दले छुट्टाछुट्टै प्रतिवेदन पेश गरेपछि विवाद बढेको हो । अध्यक्ष बैद्यले जनयुद्धको जगमा जनविद्रोहको कार्यदिशासहितको प्रस्ताव प्रस्तुत गरेकोमा त्यसमा असहमति जनाउँदै सचिव

[20] २०७१ साल असार २६ गते संघीय गणतान्त्रिक मोर्चा नेपालले सार्वजनिक गरेको अवधारणापत्र ।

[21] दाहालको नेतृत्वमा बनाइएको समितिमा वरिष्ठ नेता बाबुराम भट्टराई, उपाध्यक्षहरु नारायणकाजी श्रेष्ठ र पोष्टबहादुर बोगटी, महासचिव कृष्णबहादुर महरा र सचिव टोपबहादुर रायमाझी थिए भने पुनको नेतृत्वमा बनाइएको समितिमा देवेन्द्र पौडेल र विश्वभक्त दुलाल थिए ।

चन्दले जनयुद्धको कार्यदिशाको प्रस्ताव पेश गरे ।[22] यस्तै बैद्यले तत्काल जनयुद्धमा जान नहुने, एमाओवादीसहितको मोर्चाबन्दी गर्दै गोलमेच सभामार्फत संविधान लेख्न दबाब दिन सडक आन्दोलनमा जानुपर्ने प्रस्ताव पेश गरे भने चन्दले बल प्रयोगविना यथास्थितिमा जनताको मुक्ति सम्भव नभएको बताउँदै समानान्तर सरकार गठन गरी आवश्यकताअनुसार जनयुद्धमा जाने विकल्प खुल्ला राख्नुपर्ने प्रस्ताव पेश गरे ।[23] विवाद मिलाउन नसकेपछि नेकपा माओवादीले विस्तारित बैठक गऱ्यो जसले अर्को बर्ष विशेष महाधिवेशन गर्ने निर्णय गऱ्यो । यसपछि पनि माओवादीमा विवाद भने साम्य हुन सकेन ।

## नीति तथा कार्यक्रमको आलोचना

सरकारले संसदमा पेश गरेको नीति तथा कार्यक्रमको प्रतिपक्षी दलहरु र सत्ता पक्षका केही सभासद्हरुले आलोचना गरे । एमाओवादी नेता बाबुराम भट्टराईले नीति तथा कार्यक्रम भिन्न प्राणीको समागमबाट जन्मिएका खच्चड जस्तो भएको भन्दै काँग्रेस र एमाले विगतमा पेश गरेको नीति तथा कार्यक्रम योभन्दा धेरै कम खराब भएको टिप्पणी गरे ।[24] तराई मधेस लोकतान्त्रिक पार्टीका नेता बृजेश कुमार गुप्ताले बजेट मधेस, दलित , जनजाति विरोधी भएको आरोप लगाए ।[25] सत्तारुढ दल एमालेका संसदीय दलका नेता केपी शर्मा ओलीले पछिल्लो २० बर्षकै उत्कृष्ट नीति तथा कार्यक्रम रहेको दाबी गरे ।[26] प्रतिपक्षी दलका सभासद्हरुले जस्तै सत्तारुढ दल काँग्रेसका केही सभासद्हरुले पनि नीति तथा कार्यक्रमको आलोचना गरे । जति आउनुपर्ने हो जनताको अपेक्षा अनुसार त्यो हुन सकेको छैन । सायद एउटा मात्रै दलको सरकार भएको भए त्यस्तो हुन सक्थ्यो होला । तर, काँग्रेस र एमाले गठबन्धनमा आउँदा झन् राम्रो आउनुपर्दथ्यो त्यति आउन सकेन,[27] काँग्रेस सभासद् गोपालमान श्रेष्ठको आलोचना थियो । सत्ता पक्षका केही सभासद् र प्रतिपक्षी दलहरुले आलोचना गरेपनि नीति तथा कार्यक्रम संसदबाट पारित भयो ।[28]

## भारतीय विदेशमन्त्रीको भ्रमणमा दलहरु

परराष्ट्रस्तरीय नेपाल भारत संयुक्त आयोगको बैठकमा भाग लिन तीन दिने भ्रमणमा भारतीय विदेशमन्त्री सुस्मा स्वराज नेपाल आउने भएपछि नेपालका राजनीतिक दलहरु त्यसको पक्ष विपक्षमा उत्रिए । सत्तारुढ दलहरु स्वराज नेपालमा हुँदा नेपाल र भारतसँग सम्बन्धी विषयमा हुने छलफलको तयारीमा लागे भने मुख्य प्रतिपक्ष दल एमाओवादीले उर्जासम्बन्धी भारतीय प्रस्ताव नेपालको अनुकुल नभएको भन्दै विरोध गऱ्यो । 'नेपालको हितमा जलस्रोतलाई लैजानुपर्छ । अहिले आईरहेको प्रस्ताव नेपालको हितमा छैन', एमाओवादी नेता हितराज पाण्डेले भने ।[29] आयोगको बैठकमा दुवै देश सन्

[22] नेकपा माओवादीमा विवादै विवाद । Retrieved August 4, 2014, from http://setopati.com/raajneeti/13628/

[23] नेकपा माओवादीमा विवादै विवाद । Retrieved August 4, 2014, from http://setopati.com/raajneeti/13628/

[24] सरकारको नीति भिन्न प्राणीको समागमबाट जन्मिएको खच्चड जस्तो : भट्टराई । Retrieved July 4, 2014, from http://setopati.com/raajneeti/13530/

[25] यो नीति तथा कार्यक्रम विगतकै कपि पेष्ट : गुप्ता । Retrieved August 4, 2014, from http://setopati.com/raajneeti/13534/

[26] यो नीति तथा कार्यक्रम ५१/५२ पछिकै राम्रो, सामाजिक कल्याण र समाजवादउन्मुख । Retrieved August 4, 2014, from http://setopati.com/raajneeti/13529/

[27] सरकारकै दलका सदस्यको आलोचनात्मक समर्थन । Retrieved August 4, 2014, from http://setopati.com/raajneeti/13522/

[28] २०७१ साल असार १८ गते सरकारको नीति तथा कार्यक्रम संसदबाट पारित भएको थियो ।

[29] २०७१ साल साउन ४ गते एमाओवादीले जारी गरेको प्रेस विज्ञप्ति ।

१९५० को सन्धी लगायत दुई देशबीच विभिन्न समयमा भएका सन्धि सम्झौता अध्ययन, समीक्षा एवं पुनरावलोकन गरी आवश्यक संशोधन गर्ने लगायतका विषयमा राजी भए ।[30] त्यसको माओवादी नेतृत्वको मोर्चाले विरोध गऱ्यो । मोर्चाले परराष्ट्रमन्त्री स्तरको सहमति अनुसार असमान सन्धीको रुपमा रहेको पञ्चेश्वर परियोजनालाई अघि बढाउने माथिल्लो कर्णाली र अरुण -३ परियोजनाको सहजिकरण र प्रोत्साहन गर्ने भनी गरिएको सहमतिको विरोधमा कार्यक्रम समेत सार्वजनिक गऱ्यो ।[31] नेकपा माओवादीसहितको मोर्चाले साउन १८ गते हुने भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको भ्रमणका क्रममा कुनै पनि सन्धी सम्झौता नगर्न सरकारलाई आग्रह गऱ्यो । सन्धी सम्झौताहरु गर्नुपर्दाको अवस्थामा पनि वर्तमान संङक्रमणकालिन अवस्थालाई ध्यानमा राखेर राष्ट्रिय सहमति कामय गरियोस् भन्ने मोर्चाको माग थियो ।[32]

त्यसलगत्तै बसेको संसदको कृषि तथा जलस्रोत समितिको बैठकले भारससँग विद्युत व्यापार गर्न सरकारलाई निर्देशन दियो । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी नेपाल भ्रमणका बेला हुने भनिएको उर्जा उत्पादन र उर्जा व्यापारसम्बन्धी सम्झौताको पक्ष विपक्षमा बहस भएपनि मुख्य राजनीतिक दलहरुले नेपालको हित हुनेगरी सहमति गर्न तयार भए । त्यसका लागि उनीहरुले कार्यदल गठन गरी काम अघि बढाए ।

## अपहेलना विधेयक संसदमा

निकै विवादमा रहेको अदालतको अपहेलनासम्बन्धी विधेयक २०७१ संसद सचिवालयमा दर्ता भयो जसमा अदालतको न्याय सम्पादन कार्यमा अवरोध पुऱ्याउने वा अदालतको कुनै निर्णय वा आदेश कार्यान्वयन हुन नदिने वा त्यस्तो निर्णय वा आदेशको कार्य गर्ने, अदालतमा विचाराधिन रहेको मुद्दाको काम, कारवाही वा निर्णयमा अनुचित प्रभाव पार्ने, अदालतप्रतिको जनआस्थामा आँच पुऱ्याउने, अदालतको न्यायीक काम कारवाहीप्रति सर्वसाधरणमा भ्रम उत्पन्न गराउने वा त्यस्तै प्रकृतिका भ्रमपूर्ण वा झुट्टा विवरण प्रकाशन गर्ने तथा विचार अभिव्यक्त गर्ने, न्याय सम्पादनमा संलग्न न्यायाधीलाई मुद्दाको पक्ष आफैले वा निजको तर्फबाट अरु कसैले गाली, बेइज्यती, हातपात वा कुटपिट वा अन्य कुनै किसिमले अपमानजनक कार्य गर्ने[33] लगायतका नौ वटा बुँदा अदालतको अपहेलना गरेको मानिने उल्लेख गरिएको थियो ।

प्रेसलाई नियन्त्रण गर्न सक्ने भन्दै यसको धेरै क्षेत्रबाट आलोचना भयो । नेपाल पत्रकार महासंघको केन्द्रीय समितिको बैठकले अभिव्यति स्वतन्त्रतालाई कुण्ठित गर्ने गरी संसदमा दर्ता गरिएको अदालतको अपहेलनासम्बन्धी विधेयक महासंघसँग लगायत सरोकारवाला संस्थासँग छलफल गरी प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतामैत्री बनाएर मात्र प्रकृया अघि बढाउन सरकारसँग माग गर्ने निर्णय गऱ्यो ।[34] यस्तै मागलाई बेवास्ता गर्दै यथारुपमा विधेयक अघि बढाउन खोजिए त्यसलाई रोक्न अभिव्यक्ति स्वतन्त्रता पक्षधर सबैसँग व्यापक सहकार्य गर्दै त्यसको विरुद्ध सशक्त आन्दोलन गर्ने चेतावनी पनि

[30] सन्धी सम्झौता विवादमा अध्ययन दल । Retrieved August 4, 2014, from http://www.nagariknews.com/feature-article/story/21920/21920.html

[31] २०७१साल साउन ११ गते ३३ दलिय मोर्चाले जारी गरेको प्रेस नोट ।

[32] २०७१ साल साउन १५ गते प्रधानमन्त्री शुसील कोइरालालाई ३३ दलीय राष्ट्रिय मोर्चाले बुझाएको ज्ञापनपत्र ।

[33] अदालतको अपहेलना सम्बन्धी विधेयक, २०७१ ।

[34] २०७१ साल असार ३० गते नेपाल पत्रकार महासंघले जारी गरेको प्रेस विज्ञप्ति ।

महासंघले दियो ।[35] त्यसको केही दिनमै महासंघले कानूनमन्त्री नरहरि आचार्यलाई भेटी सरोकारवाला सबै पक्षसँग छलफल गरेर मात्र विधेयक अघि बढाउन आग्रह गर्‍यो ।[36] कानूनमन्त्री आचार्यले संसदको नियमावलीमा व्यवस्था भए बमोजिम सार्वजनिक छलफलमा लैजान गरेको मागप्रति सकारात्मक धारणा व्यक्त गरे ।[37]

विधेयकले प्रेस स्वतन्त्रतामाथि अंकुश लगाउने दाबी गर्दै नेपाल मजदुर किसान पार्टीका सभासद् डिल्लीप्रसाद काफ्लले विरोधको सूचना दर्ता गरे ।[38] उनले यस विधेयकले अदालत र जनताबीच अविश्वासको वातावरण तयार गर्ने, न्यायाधीशहरुको स्वेच्छाचारिता बढाउने, अदालतको कर्मचारीको अंह भावना सिर्जना गर्ने दलिल गरे । नागरिक समाज, कानून व्यवसायी, मानव अधिकारकर्मी लगायतले पनि विधेयकको विरोध गरे । प्रेस स्वतन्त्रता र नागरिकको अधिकारमाथि यसले असर पार्ने उनीहरुको भनाइ थियो । विधेयकको सर्वत्र विरोध भएपछि सभामुख सुवासचन्द्र नेम्वाङले जनमत संकलन गर्ने बताए ।[39]

## निष्कर्ष

निर्वाचनमार्फत केपी शर्मा ओली एमाले अध्यक्ष बनेपछि पार्टीभित्र मात्र होइन, बाहिर समेत तरङग आयो । एमालेले संविधान निर्माणका लागि प्रतिबद्ध भएको प्रस्ताव पारित गरेपनि उनको आगमनलाई सरकारको नेतृत्वसँगै संविधान निर्माणमा थप जटिलता आउन सक्ने गरि हेरियो । संविधान निर्माणबारे मुद्दागत हिसाबले प्रगति भएन । संविधान निर्माणमा संविधानसभामा रहेका राजनीतिक दलहरुबीच छलफल भइ मुख्य विषयहरुमा समेत सहमति हुनुपर्ने बेलामा मुख्य प्रतिपक्षी दलको नेतृत्वमा बनेको मोर्चाले राजनीतिक ध्रुविकरण बढाउँदा संविधान निर्माणमा थप जटिलता उत्पन्न भयो । बेला न कुबेला विवाद गरेर राजनीतिक दलहरुले राजनीतिक संस्कारको अभाव र अन्तरपार्टी जनवादका नाममा अव्यवस्था देखाए । प्रेसका अधिकारलाई संकुचन गर्न सकिने नियतसहित अदालतको अपहेलनासम्बन्धी विधेयक पेश गरेर सरकारले अलोकतान्त्रिक छवि प्रदर्शन गर्‍यो ।

---

[35] २०७१ साल असार ३० गते नेपाल पत्रकार महासंघले जारी गरेको प्रेस विज्ञप्ति ।

[36] २०७१ साल असार ३१ गते नेपाल पत्रकार महासंघले जारी गरेको प्रेस विज्ञप्ति ।

[37] २०७१ साल असार ३१ गते नेपाल पत्रकार महासंघले जारी गरेको प्रेस विज्ञप्ति ।

[38] अपहेलना सम्बन्धी विधेयक विरुद्ध संसदमा विरोधको सूचना दर्ता । Retrieved August 2, 2014, from http://setopati.com/raajneeti/14877/

[39] बुढाथोकी, विष्णु । यस्तो छ सरकारले सदनमा दर्ता भएको अदालतको अपहेलना सम्बन्धी विधेयक । Retrieved August 1, 2014, from http://setopati.com/raajneeti/13420/

## मुख्य राजनीतिक घटनाक्रम

**असार १७ :**

- काँग्रेस संसदीय दलको बैठक । काँग्रेसको नेतृत्वको जस्तो नभएको भन्दै सरकारको नीति तथा कार्यक्रमको आलोचना ।

**असार १८ :**

- एमालेको पत्रकार सम्मेलन । नवौं महाधिवेशनका लागि तयारी पूरा भएको जानकारी ।
- नेकपा माओवादीको केन्द्रीय कमिटीको बैठक । पार्टी अध्यक्ष मोहन बैद्य र सचिव नेत्रविक्रम चन्दले पेश गरेको राजनीतिक प्रतिवेदनमा छलफल ।
- संसदबाट सरकारको नीति तथा कार्यक्रम पारित ।

**असार १९ :**

- एमालेको नवौं राष्ट्रिय महाधिवेशन राजधानीमा शुरु । संविधान निर्माणपछि आर्थिक क्रान्तिमा लाग्ने नेताहरुको उद्घोष । उद्घाटन समारोहमा प्रवेश नदिएको भन्दै कार्यकर्ताद्वारा तोडफोड र ढुंगामुढा ।

**असार २० :**

- काँग्रेस केन्द्रीय समिति र संसदीय दलको संयुक्त बैठक । प्रत्येक निर्वाचन क्षेत्रलाई पाँच करोड रुपैयाँ दिनुपर्ने प्रस्ताव पारित ।
- एमाओवादीको स्थायी समिति बैठक । आठ बुँदे कार्यविधि उल्लघंन गरेको भन्दै बाबुराम भट्टराई पक्षको आलोचना ।
- पार्टी अध्यक्ष दाबी गर्दै राष्ट्रिय प्रजातन्त्र पार्टीका नेता लोकेन्द्रबहादुर चन्दद्वारा निर्वाचन आयोगमा निवेदन ।

**असार २१ :**

- एमालेको नवौं महाधिवेशनमा विधान संशोधन प्रस्ताव पेश । पदाधिकारी संख्या आठबाट बढाएर १५ बनाउने प्रस्ताव ।

**असार २२ :**

- एमाओवादीको स्थायी समिति बैठक । पार्टीमा देखापरेको सैद्धान्तिक र सांगठनीक विवादबारे छलफल ।

**असार २३ :**

- संविधानसभा संवैधानिक राजनीतिक संवाद तथा सहमति समितिको बैठक । संविधानसभामा नरहेका साना १२ दलसँग छलफल ।

**असार २४ :**

- एमालेको महाधिवेशनद्वारा राजनीतिक प्रतिवेदन पारित ।

**असार २५ :**

- एमालेको महाधिवशेनद्वारा विधान संशोधन प्रस्ताव पारित । केन्द्रीय पदाधिकारी १५ र केन्द्रीय सदस्य १ सय ५९ जना हुने ।
- सभासद् जनार्जन शर्मा, सितादेवी यादव र अमेरशकुमार सिंहले संविधानसभा निर्वाचनमा धाँधली गरे भनी परेको उजुरी संविधानसभा अदालतद्वारा खारेज ।
- प्रत्येक निर्वाचन क्षेत्रलाई पाँच करोड रुपैयाँ दिन रोक्नुपर्ने माग गर्दै सर्वोच्च अदालतमा रिट दायर ।

**असार २६ :**

- एमालेको नयाँ नेतृत्वका लागि निर्वाचन प्रकृया शुरु । केपी शर्मा ओली र माधव कुमार नेपालद्वारा अध्यक्ष पदमा मनोनयन दर्ता ।
- एमाओवादी, संघीय समाजवादी र तराई मधेस केन्द्रीत राजनीतिक दलहरुको संयुक्त मोर्चा गठन ।

**असार २७ :**

- नयाँ नेतृत्वका लागि एमालेको नवौं महाधिवेशनमा निर्वाचन ।
- एमाओवादीको स्थायी समिति बैठक । पार्टीभित्रको वैचारिक बहस मिलाउन अध्यक्ष पुष्पकमल दाहालको नेतृत्वमा समिति गठन ।
- काँग्रेस र एमालेका तीन दर्जनभन्दा बढी सभासद्द्वारा पत्रकार सम्मेलन । निर्वाचन क्षेत्रका लागि पाँच करोड रुपैयाँ विनियोजन नगरे बजेट पारित हुन नदिने चेतावनी ।

**असार २८ :**

- एमाओवादीको स्थायी समिति बैठक । जिल्ला-जिल्लामा देखापरेको विवाद समाधान गर्न बर्षमान पुनको संयोजकत्वमा तीन सदस्यीय कार्यदल गठन ।
- नेकपा माओवादीको केन्द्रीय समितिको बिस्तारित बैठक । अर्को बर्ष विशेष महाधिवेशन गर्ने निर्णय ।

**असार २९ :**

- एमालेको नवौं महाधिवेशनमा भएको निर्वाचनको मतगणना ।
- अर्थमन्त्री रामशरण महतद्वारा संसदमा ६ खर्ब १८ अर्ब १० करोड रुपैयाँको बजेट पेश ।

**असार ३१:**

- एमालेको अध्यक्षमा केपी शर्मा ओली निर्वाचित । सबैलाई समेटेर लैजाने प्रतिद्धता । नेपालद्वारा बधाई ।

**साउन १ :**

- ३३ बुँदे प्रस्ताव पारित गर्दै एमालेको नवौं महाधिवेशन सम्पन्न ।

**साउन २ :**

- निर्वाचन आयोगद्वारा लोकेन्द्रबहादुर चन्दलाई राष्ट्रिय प्रजातन्त्र पार्टीको अध्यक्षमा वैधानिकता दिन अस्वीकार ।
- एमालेको केन्द्रीय कमिटीको बैठक । राजनीतिक दस्तावेज, संगठन र विधान संशोधन प्रस्तावमा प्राप्त सुझावबारे अध्ययन गर्न छुट्टा-छुट्टै समिति गठन ।

**साउन ३ :**

- एमाले संसदीय दलको बैठक । एकलौटी रुपमा सरकार चलाउन खोजेको भन्दै काँग्रेसको आलोचना ।

**साउन ४ :**

- एमाले संसदीय दलको बैठक । प्रत्येक निर्वाचन क्षेत्रलाई पाँच करोड रुपैयाँ नदिए बजेट पारित गर्न नदिने निर्णय ।
- एमाओवादीको स्थायी समिति बैठक । भारतीय प्रस्ताव नेपालको पक्षमा नरहेको भन्दै विरोध ।
- नेकपा माओवादी असमान सन्धी-सम्झौता नगर्न सरकारलाई आग्रह ।

**साउन ५ :**

- संवैधानिक राजनीतिक संवाद तथा सहमति समितिको बैठक । अघिल्लो संविधानसभाको विवाद समाधान उपसमितिमा भएको ११ वटा सहमतिलाई अनुमोदन ।
- एमाओवादीको स्थायी समिति बैठक । नेताहरुको जिम्मेवारी बाँडफाँड ।

**साउन ६ :**

- प्रधानमन्त्री सुशील कोइराला अमेरिकामा स्वास्थ्य उपचार गराएपछि स्वदेश फिर्ता । २६ सभासद् तत्काल नियुक्ति गर्ने प्रधानमन्त्रीको प्रतिबद्धता ।

- स्वास्थ्य उपचारका लागि एमाले संसदीय दलका नेता केपी शर्मा ओली सिंगापुर प्रस्थान ।

**साउन ८ :**

- व्यवस्थापिका संसदको बैठक । भारतसँग हुने उर्जा सम्झौताबारे सदनलाई जानकारी नगराएको भन्दै सभासद्हरुद्वारा सरकारको आलोचना ।

- सरकारले भारतसँग गर्ने भनेको उर्जा सम्झौताको विरोधमा नेकपा माओवादीसहित ३३ दलद्वारा विरोधका कार्यक्रम सार्वजनिक ।

- संविधानबारे धारणा बनाउन एमाओवादीद्वारा नारायणकाजी श्रेष्ठको संयोजकत्वमा संविधान सुझाव तथा मस्यौदा समिति गठन ।

**साउन ९ :**

- प्रधानमन्त्री निवास बालुवाटारमा मन्त्रिपरिषद्को बैठक । भारतीय विदेशमन्त्री सुष्मा स्वराज नेपाल भ्रमणका बेला छलफल गरिने मुद्दाबारे छलफल ।

- तीन दिने औपचारिक भ्रमणका क्रममा भारतीय विदेशमन्त्री सुष्मा स्वराज राजधानीमा ।

**साउन १० :**

- भारतीय विदेशमन्त्री सुष्मा स्वराजद्वारा राजनीतिक भेटघाट तिव्र । नेपाल र भारतबीच २६ बुँदे सहमति ।

**साउन ११ :**

- नेपाल भ्रमण उपलब्धीपूर्ण रहेको भारतीय विदेशमन्त्री सुष्मा स्वराजको भनाइ ।

- व्यवस्थापिका संसदको कृषि तथा जलस्रोत समितिको बैठक । भारतसँग तत्काल विद्युत व्यापार सम्झौता गर्न सरकारलाई निर्देशन ।

- अदालतको अपहेलना सम्बन्धी विधेयक संसदमा पेश ।

**साउन १२ :**

- काँग्रेस, एमाले र एमाओवादीका शिर्ष नेताको बैठक । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको नेपाल भ्रमणका बेला राष्ट्रिय हितका मुद्दालाई अघि बढाउने निर्णय ।

**साउन १३ :**

- काँग्रेस, एमाले र एमाओवादीको बैठक । भारतीय प्रधानमन्त्रीको नेपाल भ्रमणका बेला पिटिए गर्ने सैद्धान्तिक सहमति ।
- स्वास्थ्य उपचारपछि एमालेका अध्यक्ष केपी शर्मा ओली सिंगापुरबाट स्वदेश फिर्ता । राष्ट्रपतिको अनुमोदन संसदबाट हुनुपर्ने ओलीको भनाइ ।
- काँग्रेस संसदीय दलको बैठक । मोदीको नेपाल भ्रमणलाई राष्ट्रिय हितमा हुने गरी अघि बढ्न सरकारलाई सुझाव ।

**साउन १४ :**

- व्यवस्थापिका संसदको अन्तर्राष्ट्रिय समितिको बैठक । सहमतिका आधारमा उर्जा व्यापरबारे सम्झौता गर्ने तयारी भइरहेको परराष्ट्रमन्त्री महेन्द्र पाण्डेको भनाइ ।
- संविधानसभा राजनीतिक संवाद तथा सहमति समितिको बैठक । राज्य पुनर्संरचनाबाहेक अरुमा रहेका असहमतिका बुँदाको पहिचानका लागि उपसमिति गठन ।
- एमालेको पदाधिकारी बैठक । एकाधिकार नहुने गरी नेपाल र भारतबीच उर्जा व्यापार सम्झौता गर्नुपर्नेमा जोड ।

**साउन १५ :**

- प्रधानमन्त्री निवास बालुवाटारमा सर्वदलीय बैठक । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको भ्रमण दुई देशको हितमा हुनुपर्ने नेताहरुको सुझाव ।
- एमाओवादीको स्थायी समिति र उर्जा विभागको बैठक । उर्जा उत्पादन र उर्जा व्यापारमा राष्ट्रिय हित हुने गरी अलग-अलग सम्झौता गर्नुपर्नेमा जोड ।
- काँग्रेस, एमाले र एमाओवादीको कार्यदलद्वारा भारतीय प्रधानमन्त्री मोदीको नेपाल भ्रमणका बेला हुने विद्युत व्यापार सम्झौताको मापदण्ड तयार ।